# नेपाल पत्रकार महासंघ

Federation of Nepali Journalists (FNJ)

एफएनजे न्यूजलेटर मंसीर-पुस, २०७४ | FNJ Newsletter Dec 2017-Jan 2018


# सात प्रदेशमा निर्वाचन र मिडिया सम्बन्धी कार्यक्रम

**नेपाल पत्रकार महासंघले २०७४ मंसीर २१ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनलाई लक्षित गरी सातवटा प्रदेशमा निर्वाचन र मिडिया सम्बन्धी अन्तर्क्रिया कार्यक्रम गर्‍यो। आमसञ्चार र निर्वाचनको महत्व तथा भूमिकाबारे सरोकारवालालाई जानकारी गराउने, स्वच्छ, मर्यादित र धाँधलीरहित निर्वाचनमा सहयोग पुर्‍याउने, मतदाता शिक्षाबारे चेतना वृद्धि गर्ने लगायतका उद्देश्यले सुनसरी, जनकपुर, काठमाडौं, भक्तपुर, ललितपुर, कास्की, चितवन, रुपन्देही, सुर्खेत र कैलालीमा अन्तर्क्रिया आयोजना गरेको हो।**

## रुपन्देही

नेपाल पत्रकार महासंघले मंसीर ११ गते रुपन्देही जिल्लामा निर्वाचनका बेला पत्रकारको सुरक्षा र आचारसंहिताबारे अन्तर्क्रिया कार्यक्रम गर्‍यो।

कार्यक्रममा महासंघका अध्यक्ष गोविन्द आचार्यले निर्वाचनका बेलामा पत्रकारमाथि हुनसक्ने आक्रमणप्रति प्रशासनको ध्यानाकर्षण गराउँदै पत्रकारले सुरक्षाका निम्ति आचारसंहिताको पालना गर्नुपर्ने बताउनु भयो।

रुपन्देही जिल्ला प्रमुख हरिप्रसाद मैनालीले पछिल्लो समयमा निर्वाचन विरोधी गतिविधि बढेको भन्दै शान्तिपूर्ण ढंगबाट निर्वाचन सम्पन्न गर्नका लागि सुरक्षा व्यवस्था कडा पारेको दाबी गर्नुभयो।

महासंघ रुपन्देही शाखा अध्यक्ष यानेन्द्र जिसीले समाजलाई राम्रो बाटोतर्फ अघि बढाउन पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको भन्दै पत्रकार आचारसंहिता पालना गर्न पत्रकारलाई आग्रह गर्नुभयो।

कार्यक्रममा महासंघ रुपन्देही शाखाका पूर्वअध्यक्ष डिआर घिमिरे, नेकपा एमालेका केन्द्रीय सदस्य खिमलाल भट्टराई, नेपाली कांग्रेस वुटवल नगर सभापति लेखराज पाण्डेय, नेकपा माओवादी केन्द्रका सचिवालय सदस्य वामदेव क्षेत्रीलगायतले पत्रकारिता जवाफदेही र निष्पक्ष हुनुपर्नेमा जोड दिनु भएको थियो।






## कैलाली

नेपाल पत्रकार महासंघले मंसीर १२ गते कैलालीमा प्रदेशसभा तथा प्रतिनिधिसभाको सन्दर्भमा आमसञ्चार र निर्वाचन विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोविन्द रिजालले जिल्लाको केही भाग भारतसँग जोडिएको हुँदा जिल्ला सुरक्षाको दृष्टिकोणले संवेदनशील रहेको बताउनु भयो । जिल्लामा भएका कूल मतदान स्थल मध्ये ११७ संवेदनशील, ७७ अतिसंवेदनशील र अन्य सामान्य रहेको उहाँको भनाई थियो । प्रमुख जिल्ला अधिकारी रिजालले चुनावको समयमा पत्रकारहरूलाई सूचना सम्प्रेषण गर्न कसरी सजिलो हुन्छ, त्यसमा प्रशासनले सक्दो सहयोग गर्न आश्वासन दिनुभयो

कार्यक्रममा कैलालीका जिल्ला प्रहरी प्रमुख विनोद घिमिरेले जिल्लाको शान्ति सुरक्षाको अवस्था सामान्य रहेको बताउँदै पत्रकारसहित राज्यका विभिन्न निकायसँग समन्वय र सम्पर्कमा रहेको बताउनु भयो । उहाँले शान्तिपूर्ण निर्वाचनका निम्ति जनतालाइ ढुक्क भएर मतादान गर्ने वातावरण सिर्जना गर्न पत्रकारहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेलले आवधिक निर्वाचन सफल पार्न मिडियाको जिम्मेवारी अपरिहार्य रहेको बताउनुभयो । मतदातालाई मतदान स्थलसम्म पुऱ्याउनका लागि पनि मिडियाको भूमिका महत्वपूर्ण रहेको उहाँको भनाइ छ ।

मोनिङ्ग बेल दैनिकका सम्पादक विरेन्द्र रावलले पत्रकारले आचारसंहिता पालना गरे/नगरेको हेर्ने निकाय प्रेस काउन्सिल रहेको भन्दै त्यसको पूर्ण पालना गर्न सबै पत्रकारहरूलाई आग्रह गर्नु भयो ।

गोदावरी एफएमका सम्पादक गोविन्द रोस्याराले पत्रकारहरूको कुनै न कुनै राजनीतिक दलसँग संलग्नता रहेको भन्दै त्यसलाई पत्रकारिता भन्दा टाढा राख्न आग्रह गर्नु भयो ।

पत्रकार टेकेन्द्र देउवाले राजनीतिक दल र समाजबीच दुरी कम गर्ने पत्रकारको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो ।

महासंघ कैलालीका अध्यक्ष जगत सावदले कुनै पत्रकारलाई केही समस्या परे खबर गर्न र सम्वद्ध पक्षसँग समन्वय गर्न महसंघ तयार रहेको बताउनु भएको थियो ।

## कास्की

नेपाल पत्रकार महासंघले मंसीर १३ गते कास्की जिल्लामा निर्वाचनमा मिडियाको भूमिका विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा निर्वाचन आयोगका क्षेत्रीय प्रशासक गंगालाल सुवेदीले प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न पत्रकाहरूको महत्वपूर्ण भूमिका रहने बताउनु भयो । उहाँले पत्रकारहरूलाई निर्वाचनका बेला सत्यतथ्य समाचार संकलन गरी नागरिकलाई सही सूचना दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टले निर्वाचनलाई स्वतन्त्रढंगले सम्पन्न गर्न मिडियाको भूमिका हुने भएकोले पत्रकारहरूले आचारसंहिता पालना गरी पेसाप्रति प्रतिवद्ध हुन आग्रह गर्नुभयो ।

महासंघका पूर्व केन्द्रीय उपाध्यक्ष गंगाधर पराजुली, महासंघका केन्द्रीय सदस्य रामकृष्ण ज्ञवाली, महासंघ कास्कीका अध्यक्ष दीपेन्द्र श्रेष्ठ, महासंघ कास्कीका पूर्वअध्यक्ष पुण्य पौडेल, महासंघ कास्कीका कोषाध्यक्ष सञ्जयकुमार मल्ल, सहसचिव दिननाथ बराललगायतले मर्यादित रुपमा प्रस्तुत हुन पत्रकारलाई आग्रह गर्नु भएको थियो ।








## सनुसरी

नेपाल पत्रकार महासंघले सुनसरीमा मंसीर १३ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका सर्न्दभमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद पराजुलीले पत्रकारलाई सूचनामा सहज पहुँचका लागि संयन्त्र विकास गर्ने बताउनुभयो । उहाँले निर्वाचनका बेला संयम रुपमा प्रस्तुत हुन पनि पत्रकारलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा मुख्य निर्वाचन अधिकृत पुरुषोत्तम ढकालले सूचना सम्प्रेषमा कुनै कन्जुस्याई नहुने बताउनु भयो । उहाँले मतदानलाई प्रभावकारी बनाउन मतदाता शिक्षा आवश्यक रहेको भन्दै त्यसमा सहयोग गर्न आग्रह गर्नुभयो । कार्यक्रममा उपस्थित पत्रकारले मतदानका बेला सवारी पास र सूचना सम्प्रेषणलगायतका काममा हुनसक्ने कठिनाइबारे जानकारी गराउँदै आचारसंहिता उल्लंघनको प्रभावकारी रुपमा अनुगमन हुन नसकेको बताएका थिए ।



## काठमाडौं

नेपाल पत्रकार महासंघले मंसीर १४ गते काठमाडौंमा निर्वाचन र सामाजिक सञ्जाल विषयक छलफल कार्यक्रम आयोजना गऱ्यो । कार्यक्रममा निर्वाचन आयोगका प्रवक्ता नवराज ढकालले निर्वाचनको वातावरण तयार गर्न सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहेको बताउनु भयो । निर्वाचनबारे जानकारी दिन सामाजिक सञ्जालको प्रयोग भैरहेको भन्दै उहाँले निर्वाचन आचारसंहिता पालना गर्न सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका नेता तथा पूर्व संसद रामहरि खतिवडाले आग्रह र पूर्वाग्रह नराखी सामाजिक सञ्जालको प्रयोग गर्न आवश्यक रहेको धारणा व्यक्त गर्नुभयो ।

नेपाल प्रहरीका प्रवक्ता मनोज न्यौपानेले समाजमा वर्षेनी दश प्रतिशतले सामाजिक सञ्जाल प्रयोगका क्रममा अपराध बढिरहेको जानकारी दिँदै घटनामा कमी ल्याउन जनचेतना जगाउन र प्रविधिको सही सदुपयोग गर्न आग्रह गर्नुभयो ।




आफ्ना भनाइ व्यक्त गर्दै निर्वाचन आयोगका प्रवक्ता नवराज ढकाल ।

महासंघका सल्लाहकार तीर्थ कोइरालाले पत्रकारहरू निस्कृय रहेकाले सामाजिक सञ्जालको लोकप्रियता बढिरहेको उल्लेख गर्दै सामाजिक सञ्जाल समाचारको स्रोत समेत बन्ने गरेको बताउनुभयो । उहाँले सामाजिक सञ्जालको सही सदुपयोग गर्न पत्रकारलाई आग्रह गर्नुभयो ।

महासंघका महासचिव रमेश विष्टले सामाजिक सञ्जाल प्रयोगका राम्रो-नराम्रो दुवै पक्ष छ भन्दै सामाजिक सञ्जालले नागरिकको व्यक्तिगत स्वतन्त्रताको प्रयोग गर्न सहज भएको धारणा व्यक्त गर्नुभयो । उहाँले सामाजिक सञ्जाल प्रयोग गर्दा पत्रकारसहित सबैले विवेक प्रयोग गर्नुपर्ने बताउनु भयो ।

अन्तर्राष्ट्रिय पत्रकार महासंघ दक्षिण एसियाका संयोजक उज्वल आचार्यले निर्वाचनका क्रममा चुनावी प्रचारप्रसार, आफ्नो पक्षमा जनमत सृजना गर्न, दलको प्रचार गर्न, उम्मेदवारप्रतिको भ्रामक सूचनाको खण्डन गर्न, दलप्रतिको मोह वृद्धि गर्न र नागरिकप्रति जवाफदेही देखाउन सामाजिक सञ्जालको प्रयोग गरिएको बताउनुभयो ।

कार्यक्रममा दी रिपब्लिक डेलीका सम्पादक सुवास घिमिरेले पत्रकारले समाजिक सञ्जाल कसरी प्रयोग गर्ने भनेर आचारसंहिता बनाउन आवश्यक रहेको बताउनु भएको थियो ।

यस्तै नेपाल पत्रकार महासंघले मंसीर १६ गते काठमाडौंमा निर्वाचन आचारसंहिता,








सञ्चारमाध्यम र मानअधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य प्रकाश वस्तीले विदेशमा बसेका नेपाली नागरिकले पनि निर्वाचनमा मत हाल्न पाउने व्यवस्था हुनुपर्ने बताउनु भयो । प्रत्यक्ष निर्वाचनमा सम्भव नभए पनि समानुपातिक निर्वाचन प्रणालीमा विदेशमा रहेका नेपालीको मताधिकार सुरक्षित गर्न उपयुक्त हुने उहाँको भनाइ छ ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका सचिव रेम विश्वकर्माले निर्वाचन आचारसंहिताको पालनाका लागि सञ्चार क्षेत्र जिम्मेवार हुनुपर्ने तर आचारसंहिताका नाममा प्रेस स्वतन्त्रतामा असर पार्न नहुने धारणा व्यक्त गर्नुभयो ।

छापामाध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष दामोदर दवाडी र प्रेस चौतारी नेपालका सचिव सुरोजंग पाण्डेले दलको विज्ञापन छापेका कारण पत्रपत्रिकालाई स्पष्टीकरण सोधिनु गलत भएको बताउनुभयो ।

क्रान्तिकारी पत्रकार संगठनका अध्यक्ष प्रभात चलाउनेले आस्था र समर्थन व्यक्त गरेका आधारमा पत्रकारलाई गिरफ्तारी भएकोमा विरोध गर्नु भएको थियो ।

यस्तै नेपाल पत्रकार महासंघले मंसीर १७ गते निर्वाचन र पत्रकार सुरक्षा विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्वअध्यक्ष शिव गाँउलेले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको अधिकार संविधानले दिएको भन्दै विचार राखेको आधारमा राज्यले पत्रकारलाई पक्राउ गर्न र थुन्न नमिल्ने बताउनुभयो । उहाँले शंकाको भरमा सरकारले आठ जना पत्रकारलाई पक्राउ गरी हिरासतमा राखेको भन्दै त्यसविरुद्ध अदालतमा जान महासंघको नेतृत्वलाई सुझाव दिनुभयो । पत्रकारले पत्रकार आचारसंहिता पालना गरेको खण्डमा पत्रकारमाथिका असुरक्षामा कमी हुने उहाँको भनाइ छ ।

महासंघका सचिव रेम विश्वकर्माले राज्यका तर्फबाट पत्रकारलाई गिरफ्तार गर्ने काम भइरहेको भन्दै त्यसका विरुद्ध सबै एक भएर अघि बढ्ने बताउनुभयो ।

कार्यक्रममा क्रान्तिकारी पत्रकार संगठन, नेपालका अध्यक्ष प्रभात चलाउनेले पत्रकारलाई पक्राउ गरेर संविधानले दिएको अधिकारलाई सरकारले उल्लंघन गरेको भन्दै पक्राउ गरेका पत्रकारलाई तत्काल रिहा गर्न सरकारलाई आग्रह गर्नुभयो ।

प्रेस काउन्सिल नेपालका सूचना अधिकारी दिपक खनालले पत्रकारले पत्रकार आचारसंहिता पालना गरेमा पत्रकारमाथिको असुरक्षा घट्दै जाने बताउनु भयो ।

नेपाल टेलिभिजनका पत्रकार मनोहरी थापाले राजनीतिक दल विशेषको पक्षमा पनि पत्रकार लागेकाले पत्रकार असुरक्षा बढेको बताउँदै पत्रकार सुरक्षामा थप चासो दिन महासंघलाई आग्रह गर्नु भयो ।

कार्यक्रममा पत्रकारहरूले पक्राउ परेका पत्रकारलाई सरकारले तत्काल रिहा गर्नुपर्नेमा जोड दिएका थिए ।




## ललितपुर

नेपाल पत्रकार महासंघले मंसीर १५ गते ललितपुर जिल्लामा मतदाता शिक्षामा सञ्चारको भूमिका विषयमा अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा ललितपुरका प्रमुख जिल्ला अधिकारी मोहन पन्तले निर्वाचनका सन्दर्भमा शान्तिपूर्ण निर्वाचनका लागि आवश्यक सम्पूर्ण सुरक्षा व्यवस्था पूरा गरिएको भन्दै त्यसमा सञ्चार जगतको सहयोग आवश्यक पर्ने विचार राख्नु भयो । मत बदर हुनबाट जोगाउन र जनतालाई निर्वाचनमा राम्रो उम्मेद्वार छान्न मिडियाले कुनै कसुर बाँकी राख्न नहुने उहाँको भनाइ थियो ।






निर्वाचन आयोग लालितपुरका कार्यालय प्रमुख सिता सम्बाहम्फेले निर्वाचनमा शान्तिपूर्ण तथा भयरहित वातावरण निर्माण गर्न मिडियाको भूमिका महत्वपूर्ण रहेको बताउनु भयो ।

नेपाल पत्रकार महासंघका सचिव रेम विश्वकर्माले पत्रकारलाई आचारसंहिताको पूर्ण पालना गर्दै जिम्मेवार भई पत्रकारिता गर्न पत्रकारलाई आग्रह गर्नु भएको थियो । कार्यक्रममा पत्रकार प्रभुनारायण बस्नेतले निर्वाचनका समयमा मत बदर हुनबाट जोगाउन मिडियाको अहम् भूमिका रहने बताउनु भयो ।

## जनकपुर

नेपाल पत्रकार महासंघले मंसीर १५ गते प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका सन्दर्भमा धनुषाको जनकपुरमा अन्तर्क्रिया कार्यक्रम आयोजना गऱ्यो ।

कार्यक्रममा धनुषाका मुख्य निर्वाचन अधिकृत राधाकृष्ण उप्रेतीले मतदाता शिक्षामा मिडियाले महत्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै त्यसतर्फ कलम चलाउन पत्रकारलाई आग्रह गर्नु भयो । प्रमुख जिल्ला अधिकारी दिलिप कुमार चापागाईंले पत्रकारको सुरक्षा र सूचनामा सहजताका लागि प्रशासन प्रतिवद्ध रहेको बताउनु भयो ।

जनकपुरका वरिष्ठ पत्रकार विएम खनालले चुनावका बेला पत्रकारले लेखेका समाचार असन्तुलित हुदाँ पत्रकारमाथि सुरक्षा चुनौती बढेको भन्दै चिन्ता व्यक्त गर्नुभयो भने पत्रकार मोनिका झाले आफ्नै कारणले पनि पत्रकारमा सुरक्षा चुनौती थपिएको बताउनु भएको थियो ।



## सुर्खेत

नेपाल पत्रकार महासंघले मंसीर १६ गते सुर्खेत जिल्लाको विरेन्द्रनगरमा निर्वाचन आचारसंहितासम्बन्धी सर्वपक्षीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी सिताराम कार्कीले राजनीतिक दलका कार्यकर्ता, पत्रकार र निजामती कर्मचारीले पनि आचारसंहिता विपरीत गतिविधि गरेको आरोप लगाउनुभयो । उहाँले आचारसंहिता पालना गर्न सबैलाई आग्रह गर्नुभयो ।

नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले पत्रकार निर्वाचन आचारसंहिता विपरित राजनीतिक दलको प्रचार-प्रसारमा लागेको गुनासो आइरहेको भन्दै त्यस्तो नगर्न पत्रकारलाई आग्रह गर्नुभयो ।






अन्तर्क्रियामा प्रेस काउन्सिल नेपालका सदस्य खिलबहादुर भण्डारी, जिल्ला बारका अध्यक्ष नन्द भण्डारी, पत्रकार महासंघका केन्द्रीय सदस्य कलेन्द्र सेजुवाललगायतले निर्वाचन आयोगको आचारसंहिता पालना गरेर निर्वाचनलाई स्वच्छ निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नुपर्ने बताउनु भएको थियो ।

## भक्तपुर

नेपाल पत्रकार महासंघले भक्तपुरमा मंसीर १६ गते प्रेस स्वतन्त्रता र मताधिकार विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटाले मंसीर २१ गते सम्पन्न हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनदेखि मतगणना नसकिएसम्म पत्रकारलाई सहजरुपमा समाचार संकलन गर्ने व्यवस्था गरिदिन निर्वाचन आयोगलाई आग्रह गर्नुभयो ।

भक्तपुरका प्रमुख जिल्ला अधिकारी द्रोण पोखरेल, पूर्वसभामुख एवं नेपाली काँग्रेसबाट क्षेत्र नं. २ का प्रतिनिधिसभा उम्मेदवार दमननाथ ढुङ्गाना, पूर्वमन्त्री एवं एमालेबाट क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार महेश बस्नेत, नेपाल पत्रकार महासंघका निवर्तमान अध्यक्ष डा.महेन्द्र विष्ट, नेपाल पत्रकार महासंघका उपाध्यक्ष दिलिप थापामगर, नेपाल बार एसोसियसन भक्तपुरका सचिव किरण न्यौपानेलगायतले निर्वाचनमा मिडियाको भूमिका महत्वपूर्ण हुने बताउनु भएको थियो ।




## चितवन

नेपाल पत्रकार महासंघले चितवनमा मंसीर १६ गते निर्वाचन र सञ्चार विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

कार्यक्रममा चितवनका मुख्य निर्वाचन अधिकृत कुलप्रसाद शर्माले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सफल पार्नको लागि पत्रकार तथा मिडियाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो ।

प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले स्थानीय तहको निर्वाचनबाटै चितवन जिल्ला चर्चामा रहेकोले जिल्लाका पत्रकार महासंघ, सुरक्षा निकाय, प्रशासनलगायतका सम्बन्धित संस्थाहरू चनाखो हुने बेला आएको बताउनुभयो ।

कार्यक्रममा नेपाल पत्रकार महसंघका महासचिव रमेश विष्टले महासंघ, सम्बन्धित निकाय तथा संघसंस्थाहरूले पत्रकारलाई आचारसंहिताको ख्याल गरेर काम गर्न आग्रह गर्नुभयो ।

चितवन जिल्ला अदालत बार एशोसिएसनका अध्यक्ष गोपीलाल देवकोटा, प्रहरी उपरीक्षक दीपक थापा लगायतले निर्वाचनमा मिडियाको भूमिकाबारे धारणा राख्नु भएको थियो ।






# निर्वाचनमा पत्रकार महासंघको मिडिया मिसन

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको पूर्व सन्ध्यामा नेपाल पत्रकार महासंघले सातवटा प्रदेशमा मिडिया मिसन पठायो । मिसनले स्थलगत अध्ययन तथा छलफल गरी मंसीर १८ गते सार्वजनिक गरेको प्रवितेदनका मुख्य अंश यसपकार छन्:



- मिडियाले प्रतिनिधिसभा र प्रदेशसभासम्बन्धी समाचार तथा विचारलाई महत्वका साथ प्रकाशन तथा प्रसारण गरेको पाइयो । प्रतिनिधि सभा र प्रदेशसभा निर्वाचन, राजनीतिक दलका एजेण्डा, उम्मेदवार, आचारसंहिता पालना, निर्वाचन खर्च, राजनीतिक दल तथा उम्मेदवारको प्रचार-प्रसारलगायतमा मिडियाले उल्लेखनीय रुपमा सूचना प्रवाह गरेको पाइयो । मिडियामा आएका अधिकांश सामग्री निर्वाचनको वातावरण सिर्जना गर्ने र निर्वाचनलाई निष्पक्ष, भयरहित र पारदर्शी बनाउन सहयोग पुग्ने खालका रहेको पाइयो ।
- निर्वाचनका क्रममा कतिपय मिडिया पूर्वाग्रही रहेको पाइयो । मिडिया निश्चित पार्टी र उम्मेदवारको पक्षमा लाग्दा मिडियाको विश्वसनीयतामा प्रश्न उठेको पाइयो । निर्वाचनका बेला निष्पक्ष रूपमा प्रस्तुत भएर मिडियालाई साख बढाउने र पत्रकारलाई आइपर्ने चुनौतीलाई न्यूनीकरण गर्ने अवसर थियो । तर, त्यसलाई कतिपय मिडियाले सदुपयोग गरेको पाइएन । मिडियाहरू पूर्वाग्रही रुपमा प्रस्तुत हुँदा सुरक्षा चुनौतीसमेत थपिएको सुरक्षा अधिकारीको भनाई छ ।
- पत्रकारले सत्यतथ्य लेख्नुपर्ने र निष्पक्षरूपमा प्रस्तुत हुनुपर्ने हो । तर, कतिपय पत्रकारहरू दलीयरूपमा विभाजित भएको पाइयो । छलफलका क्रममा कतिपय अनलाइन कुनै व्यक्ति वा पार्टीप्रति असाध्य पूर्वाग्रही र समर्थक भएको धारणा पनि आएको छ । त्यस्तै मिडियाले एउटा पक्षको समाचार तथा विचार प्रस्तुत गर्ने, विज्ञापन प्रस्तुत गर्ने गरेको पाइयो । छलफलमा सहभागीले पत्रकार आफ्नै कारणले पनि सुरक्षा खतरामा रहेको धारणा व्यक्त गरेका थिए । केही पत्रकारले भने आफूहरू सन्तुलित रूपमा प्रस्तुत हुन खोज्दाखोज्दै पनि हुन नसकेको बताए । एकपक्षीय रूपमा विज्ञापन दिने, आफ्नो पार्टीको पत्रकार नभएको भन्दै विज्ञापन नदिने, अन्तर्वार्ता दिन तयार नहुने, सहज तरिकाले प्रस्तुत नहुने लगायतका समस्याहरू भएको पत्रकार र मिडिया सञ्चालकको भनाइ छ ।
- प्रेस पाससम्बन्धी समस्या रहेको पाइयो । जिल्लामा सूचना विभागले जारी गरेको प्रेस पास निकै कम हुने र सुरक्षा निकाय तथा निर्वाचन कार्यालयका पदाधिकारीले सूचना विभागको प्रेस पासलाई मान्यता दिँदा धेरै पत्रकार समस्यामा परेको पाइयो । स्थानीय प्रशासन, पत्रकार महासंघको शाखासँगको समन्वयमा प्रेस पास वितरण गर्दा एउटा मिडियाको एक जना पत्रकारले प्रेस पास पाउँदा टेलिभिजन, एफएमलगायतलाई समस्या पर्ने देखियो । त्यसैगरी पत्रिका वितरणमा समेत असर पर्ने देखियो ।
- कतिपय मिडियामा सामग्रीहरू सन्तुलितरूपमा प्रस्तुत भए पनि सामाजिक सञ्जालमा पत्रकार राजनीतिक कार्यकर्ताका रुपमा प्रस्तुत हुँदा विश्वसनियतामा प्रश्न उठेको पाइयो । सामाजिक सञ्जालमा पत्रकारले के गर्न हुने के गर्न नहुने भन्ने सम्बन्धमा पत्रकार महासंघ बोल्नु पर्‍यो भन्ने सुझाव पनि आएको छ ।
- कतिपय मिडियामा निर्वाचन आयोगले तोकेको भन्दा बढी विज्ञापन प्रकाशन तथा प्रसारण भएको पाइयो । निर्वाचन आयोगले सीमा तोक्दा निर्वाचनका बेला विज्ञापनबाट हुने आर्थिक फाइदामा असर परेको केही मिडिया सञ्चालकको भनाई छ ।
- स्थानीय तहमा जुन मिडिया चर्चित छ, निर्वाचनसम्बन्धी धेरै सामग्री प्रस्तुत गर्छन, ती मिडियामा बढी प्रेसर आएको पाइयो । समाचारको बारेमा फिड्व्याक आउने, आफ्नो पक्षलाई कम स्थान दिएको, विपक्षीलाई बढी स्थान दिने गरेको भन्दै आफ्नो पक्षलाई बढी स्थान दिन नेता तथा कार्यकर्ताबाट मिडिया र पत्रकारलाई आग्रह गरेको पनि पाइयो ।
- कतिपय पत्रकार सूचना प्राप्तिमा परनिर्भर रहेको पाइयो । आफूले सूचना खोज्ने भन्दा सबै सूचना तयार भएर आफूकहाँ आउनुपर्नेखालको प्रवृति पनि पाइयो ।
- कतिपय पत्रकार पार्टीमा आवद्ध भएको र त्यसले समस्या सिर्जना गरेको भन्दै पार्टीमा लागेका पत्रकारको सदस्य खारेज गर्ने महासंघलाई सुझाव आएको छ ।
- सामाजिक सञ्जालको प्रयोगका कारण



कतिपय पत्रकार विवादित बन्न पुगेको भन्दै त्यसको प्रयोगमा सचेत रहनुपर्ने सुझाव पनि आएको छ ।

- जिल्लाका कतिपय पत्रकारले नियमित रूपमा पारिश्रमिक नपाएको र न्यूनतम पारिश्रमिक निर्धारण समितिले तोकेको मापदण्डअनुसार पनि पारिश्रमिक नपाएको अवस्था छ । त्यसले गर्दा पेशागत सुरक्षा नभएको पत्रकारको भनाइ छ ।

### मिसन टोलीको आग्रह

- पत्रकार र मिडिया व्यावसायिक रूपमा प्रस्तुत हुनुपर्छ । यसले पत्रकारिताको गरिमा बढाउन सयहोग गर्नका साथै पत्रकारमाथि आइपर्ने चुनौतीलाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउँछ ।
- निर्वाचनका बेला पत्रकारहरू दलीय रूपमा विभाजित हुन भएन । राजनीतिक दलहरू समयअनुसार सहकार्य गर्ने र सहकार्य टुटाउने गर्दै आएका छन् । राजनीतिक दलहरूका अनुसार पत्रकारहरू विभाजित हुँदा दलीय ट्याग पनि लाग्छ । निर्वाचनपछि ती राजनीतिक दलका नेता तथा कार्यकर्तासँग संवाद गर्दा पनि समस्या आउन सक्छ ।
- निर्वाचनलाई सिंगो पत्रकारिता जगतले अवसरका रूपमा लिन सक्नुपर्छ । व्यक्तिगत रूपमा आफ्नो र सिंगो पत्रकारिता जगतको साख बढाउने गरी पत्रकारले भूमिका खेल्न सक्नुपर्छ ।
- निर्वाचनका बेला सन्तुलित पत्रकारिता गर्न नसक्दा त्यसले पछि पनि समस्या आउन सक्छ । त्यसैले पत्रकार बेलैमा सचेत भएर व्यावसायिक रूपमा प्रस्तुत हुन जरुरी छ ।
- पत्रकारले निर्वाचन पूर्व, निर्वाचनका दिन र मतदानपछि निष्पक्ष रूपमा रिपोर्टिङ गर्नुपर्छ । पत्रकार आचारसंहिता पालना गर्नुपर्छ ।
- पत्रकारहरू सामाजिक सञ्जालमा पनि निष्पक्ष रूपमा प्रस्तुत हुनुपर्छ । पत्रकारले सामाजिक सञ्जाल कसरी प्रयोग गर्ने भन्नेबारे स्पष्ट हुन आवश्यक छ ।
- निर्वाचन पूर्व, निर्वाचनका दिन र मतगणनासम्बन्धी सूचना प्रवाहका लागि संयन्त्र बनाउनुपर्छ । यसले गर्दा सही सूचना प्रवाह हुनुका साथै मिडियालाई पनि सहज हुन्छ ।
- पत्रकारहरूले पहिचान खुल्नेगरी पत्रकारको ज्याकेट लगाउनुपर्छ र प्रेस पास बोक्नुपर्छ ।
- पत्रकारहरूले कुनै पनि चुनावका बेला राजनीतिक दल, नेता वा उम्मेदवारको गाडीमा चढ्नु हुँदैन । छुट्टै सवारी साधनको व्यवस्था गर्नुपर्छ । राजनीतिक दल वा नेताको गाडीमा हुँदा सुरक्षा चुनौती आएमा नेता तथा पार्टीका कारण आएको हो कि पत्रकारका लागि आएको भन्ने पहिचान गर्न कठिनाइ हुन्छ ।

### मिडिया मिसनका सुझावहरू

- पत्रकार र मिडिया व्यावसायिक रूपमा प्रस्तुत हुनुपर्छ । सत्यतथ्य र सन्तुलित रूपमा समाचार प्रस्तुत गर्नुपर्छ ।
- निर्वाचनसम्बन्धी सूचना, तथ्यांकलगायतका विवरणहरू सहजरूपमा पत्रकारलाई उपलब्ध हुनुपर्छ । मतदान केन्द्र र मतगणना स्थलमा पत्रकारको पहुँचमा सहजता हुनुपर्छ ।
- चुनावी रिपोर्टिङका लागि प्रेस पास उपलब्ध गराउन सहज हुनुपर्छ । मिडियाको आवश्यताअनुसार प्रेस पास र सवारी अनुमति पास उपलब्ध गराउनुपर्छ । जिल्लाका सबै पत्रकारमा सूचना विभागले उपलब्ध गराउने प्रेस पास नभएको हुँदा पत्रकार महासंघको जिल्ला शाखाको समन्वयमा प्रेस पास उपलब्ध गराउनुपर्छ । प्रेस पास उपलब्ध गराउँदा दुरुपयोग नहोस् भन्नेतर्फ सचेत हुनुपर्छ ।
- पत्रकार र मिडिया दलीय रूपमा प्रस्तुत हुनु हुँदैन । पेशा र व्यावसायप्रति जिम्मेवार र जवाफदेही रूपमा प्रस्तुत हुनुपर्छ ।
- समाजिक सञ्जालमा विचार प्रस्तुत गर्दा समेत पत्रकार जिम्मेवार र जवाफदेही रुपमा प्रस्तुत हुनुपर्छ । कुनै उम्मेद्वार र पार्टीको पक्ष विपक्षमा प्रस्तुत हुनु हुँदैन । तथ्यका आधारमा प्रस्तुत हुनुपर्छ ।
- मिडिया र पत्रकारप्रति पूर्वाग्रही हुनु हुँदैन । पत्रकार र मिडिया निष्पक्ष र सन्तुलित रुपमा प्रस्तुत हुन चाहन्छन भने सबैले सहयोग गर्नुपर्छ ।
- पत्रकारले प्रचार सामग्री र समाचारका लागि आवश्यक सूचनाबारे जानकारी राख्नुपर्छ । समाचारका लागि आवश्यक सूचना खोज्ने क्षमता वृद्धि गर्नुपर्छ ।
- पत्रकार कुनै राजनीतिक दलको कार्यकर्ता हुनु हुँदैन । स्वतन्त्र भई निष्पक्ष र सन्तुलित भूमिका निर्वाह गर्नुपर्छ ।
- निर्वाचनका बेला रिपोर्टिङ गर्दा पत्रकार र निर्वाचन आचारसंहितालाई पालना गर्नु अपरिहार्य हुन्छ ।

निर्वाचन हुन दुई हप्ता अघि अपरिचित व्यक्तिबाट आक्रमणबाट घाइते भएका कैलालीका पत्रकार लक्ष्मी जैसीलाई उहाँकै घरमा भेट्दै नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेल लगायतको टोली । उपाध्यक्ष पोखेलले अनुसन्धानलाई तीव्र पारी आक्रमणमा संलग्नलाई कारवाही गर्न माग गर्नु भएको थियो ।



(नोट : प्रदेश नम्बर १ र २ को मिडिया मिसनमा नेपाल पत्रकार महासंघका उपाध्यक्ष दिलिप थापामगर, कोषाध्यक्ष राजेश मिश्र र केन्द्रीय सदस्यद्वय गोविन्द चौलागाई, अवधेश कुमार झा, महासंघ सुनसरी शाखा अध्यक्ष अमर खड्का, पूर्वअध्यक्ष केशव घिमिरे, महासंघका सर्लाही शाखाका अध्यक्ष विश्वनाथ ठाकुर र पूर्वअध्यक्ष अमन कोइराला सहभागी हुनुहुन्थ्यो । प्रदेश नम्बर ५ र ६ को मिडिया मिसनमा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, प्रेस काउन्सिल नेपालका सदस्य खिलबहादुर भण्डारी, पत्रकार महासंघका सचिव उदय जिएम, केन्द्रीय सदस्यद्वय बसन्त गिरी, पुरुषोतम सुवेदी र मानव अधिकारकर्मी विनोद पहाडी सहभागी हुनुहुन्थ्यो । प्रदेश नम्बर ७ को मिडिया मिसनमा नेपाल पत्रकार महासंघका उपाध्यक्ष विपुल पोखेल, केन्द्रीय सदस्यद्वय मिन बम, श्याम भट्ट तथा नृप सुनार, पुष्पराज जोशी र बलबहादुर ढुंगाना सहभागी हुनुहुन्थ्यो ।

प्रदेश नम्बर ३ र ४ को मिडिया मिसनमा नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्ट, सचिव प्रकाश थापा तथा केन्द्रीय सदस्यद्व नकुल अर्याल र रामकृष्ण ज्ञवाली सहभागी हुनुहुन्थ्यो ।



मिसनले स्थलगत अध्ययन गर्नुका साथै स्थानीय पत्रकार, पत्रकार महासंघका पदाधिकारी, स्थानीय प्रशासन, क्षेत्रीय तथा जिल्ला निर्वाचन कार्यालयका अधिकारी, सुरक्षा निकायका अधिकारी, राजनीतिक उम्मेदवार, बुद्धिजीवी, नागरिक समाजलगायतका सरोकारवालासँग प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन, पत्रकारलाई सूचनाको पहुँच छ कि छैन, पत्रकारहरू सुरक्षित छन् कि छैनन्, सेल्फसेन्सरसीप छ कि छैन, सरोकारवालाले आमसञ्चार माध्यम र पत्रकारलाई कसरी लिएका छन्, आचार संहिता पालना भएको छ छ कि छैन लगायतका विषयमा छलफल गरेका थिए । स्थानीय तहमा देखा परेका समस्या समाधानमा पनि मिसन टोलीले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।)

# महासंघद्वारा रिट दायर

**प्रतिनिधिसभा** र प्रदेशसभा निर्वाचन अघि गिरफ्तार गरिएका पत्रकार खेम थपलिया, दीपेश शाही, जीतेन्द्र महर्जन, जायश्वर आचार्य, पदमप्रसाद पोखरेल, कालीबहादुर महतारा, जगदीशनाथ योगी र प्रकाश डुम्रेको रिहाइका माग गर्दै नेपाल पत्रकार महासंघले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रीट दायर गर्‍यो ।

नेपाल पत्रकार महासंघको तर्फबाट केन्द्रीय सदस्य जन्मदेव जैसीले सर्वोच्च अदालतमा रीट दायर गर्नु भएको हो । गिरफ्तार गरिएका पत्रकारलाई निर्वाचन सम्पन्न भएपछि प्रहरीले रिहा गरेको थियो ।

# महासंघका अध्यक्ष र महासचिवको कतार भ्रमण

**नेपाल** पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, महासचिव रमेश विष्ट र प्रेस काउन्सिल नेपालका सदस्य खिलबहादुर भण्डारीले कतारको भ्रमण गर्नु भएको छ । नेपाल पत्रकार महासंघ कतार शाखाको २०७४ पुस २८ हुने अधिवेशनका लागि उहाँहरू पुस २५ गते कतार जानु भएको हो । अध्यक्ष आचार्य, महासचिव विष्ट र काउन्सिलका सदस्य भण्डारी माघ १ गते स्वदेश फर्कनु भएको थियो ।



# सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न




डडेल्धुरामा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रम उपाध्यक्ष विपुल पोखेल लगायत।




नुवाकोटमा आयोजित सार्वजनिक सुनुवाई कार्यक्रमपछि महासंघका सचिव रामप्रसाद दाहाल लगायतका पत्रकार।

**नेपाल** पत्रकार महासंघले नुवाकोट, कपिलवस्तु, डडेल्धुरा र प्यूठानमा नागरिकका नजरमा मिडिया सम्बन्धी सार्वजनिक सुनुवाई गरेको छ। सार्वजनिक सुनुवाईका क्रममा सरोकारवाला र स्थानीय समुदायले सत्यतथ्य समाचार दिए मिडियाको विश्वसनियता बढ्ने बताए। उनीहरूले पत्रकारहरू राजनीतिक दलसँग आवद्ध हुँदा, अरु  पेशामा आवद्ध हुँदा र आचारसंहिता पालना नगर्दा बेलाबेलामा मिडियामाथि प्रश्न उठेको धारणा व्यक्त गरेका थिए। सहभागीहरूले समाजमा रहेका सबै पक्षका विषयवस्तुलाई महत्वका आधारमा स्थान दिन पनि आग्रह गरेका थिए।

कार्यक्रममा पत्रकार, सरोकारवाला, स्थानीय समुदाय, शिक्षक, राजनीतिक दलका नेता तथा कार्यकर्तालगायत सहभागी थिए। कपिलवस्तुमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्य, डडेलधुरा र प्यूठानमा आयोजित कार्यक्रममा उपाध्यक्ष विपुल पोखेल र नुवाकोटमा आयोजित कार्यक्रममा सचिव रामप्रसाद दाहाल सहभागी हुनु भएको थियो।

# फ्री मिडिया नेटवर्कको बैठक सम्पन्न

**दोस्रो** चरणको प्रदेशसभा तथा प्रतिनिधिसभा निर्वाचनको सन्दर्भमा सुनसरी, पर्सा, रुपन्देही, बाँके र कैलालीमा फ्री मिडिया नेटवर्कको बैठक सम्पन्न भएको छ। बैठकमा अभिव्यक्ति स्वतन्त्रता, सूचनाको पहुँच, पत्रकारको सुरक्षा, आचारसंहितालगायतका विषयमा छलफल भएको छ। बैठकमा सहभागी पत्रकारहरूले निर्वाचनका बेला सूचनाको पहुँच र पत्रकारको सुरक्षामा गम्भीर बन्न स्थानीय प्रशासन तथा निर्वाचन कार्यालयका अधिकारीहरूलाई आग्रह गरेका थिए। स्थानीय प्रशासन र निर्वाचन कार्यालयका अधिकारीहरूले सूचनाको पहुँच र पत्रकारको सुरक्षाका लागि आफूहरू प्रतिबद्ध रहेको बताउँदै पत्रकारहरू आचारसंहिताभित्र रहे धेरै समस्या नआउने धारणा व्यक्त गरेका थिए।



बाँकेमा आयोजित फ्री मिडिया नेटवर्कको बैठकमा महासंघका अध्यक्ष गोविन्द आचार्य, बाँके शाखा अध्यक्ष ठाकुरसिंह थारु लगायतका पत्रकार।

बाँकेमा आयोजित कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले सरकारका निकाय पत्रकार र समाचार संस्थामैत्री हुनुपर्नेमा जोड दिनुभयो। उहाँले प्रेसमाथिको हस्तक्षेप कुनै पनि बहानामा क्षम्य नहुने बताउनु भयो। बैठकमा पत्रकार महासंघका केन्द्रीय सदस्य कलेन्द्र सेजुवाल, महासंघ बाँके जिल्ला अध्यक्ष ठाकुरसिंह थारु, पूर्वजिल्ला अध्यक्षहरू नीरज गौतम, प्रेम केसी, रुद्र सुवेदी एवं अधिकारकर्मी विश्वजीत तिवारी, टंक खनाललगायतले पत्रकारितालाई मर्यादित बनाउनुपर्नेमा जोड दिनु भएको थियो।

# अनलाइन पत्रकारसँग अन्तर्क्रिया



**नेपाल** पत्रकार महासंघले २०७४ पुस २३ गते अनलाईनका सम्पादक तथा पत्रकारसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ। कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष गोविन्द आचार्यले सञ्चार क्षेत्रका विज्ञहरूसँग छलफल गरी प्राप्त सुझाव र सल्लाहअनुसार नै अब बन्ने सञ्चारसम्बन्धी कानूनका लागि सरकारलाई आग्रह गर्ने बताउनुभयो। उहाँले प्रहरीले केही अनलाईन सञ्चारमाध्यमसँग समाचारको स्रोत मागेको सन्दर्भमा तत्कालमा सरकालाई सहयोग गरेजस्तो देखिए पनि त्यसले अन्ततः पत्रकारितालाई ठूलो असर पार्ने बताउनुभयो।



महासंघका उपाध्यक्ष विपुल पोखेलले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतालाई कुण्ठित हुनेगरी कुनै पनि कानून बन्न नहुने धारणा व्यक्त गर्दै कानून नियन्त्रण गर्न नभई व्यवस्थापन गर्न हुनुपर्ने बताउनुभयो।

महासंघका महासचिव रमेश विष्टले समाचारको स्रोत उपलब्ध गराउन सकिने अदालतको आदेशले गम्भीर बनाएको बताउँदै यस्ता विषयमा बृहत छलफल गरी साझा धारणा निर्माण गर्नुपर्ने विचार राख्नु भएको थियो भने महासंघका सचिव रामप्रसाद दाहालले अनलाइन मुलधारको मिडियाका रूपमा आए पनि विश्वसनीय बनाउन चुनौतीपूर्ण रहेको बताउनु भएको थियो।

कार्यक्रममा अनलाइन पत्रकार संघका अध्यक्ष शिवप्रसाद सत्यालले सरकारले अनलाइन सञ्चारमाध्यमसहित अरु मिडियालाई पनि असर पार्ने गरी कानून बनाउन लागेकाले बेलैमा सचेत हुन जरुरी भएको धारणा व्यक्त गर्नुभयो।

रातोपाटी डटकमका प्रधान सम्पादक ओम शर्माले धेरैजसो अनलाइन व्यक्तिगत स्वार्थमा सञ्चालन भएको भन्दै अनलाइनले समाजप्रतिको जिम्मेवारी पूरा गर्नुपर्ने विचार व्यक्त गर्नुभयो।

अनलाइनखबरका सम्पादक अरुण बरालले पत्रकारहरूले साइबर कानूनको विरोध गर्न नहुने भन्दै प्रेस स्वतन्त्रतालाई कुण्ठित गर्ने कानून निर्माण गर्न नहुने बताउनु भयो।

कार्यक्रममा अनलाइन पत्रकार खिम घले, श्रीराम पौडेल, बिमल गौतम, अजयबाबु शिवाकोटी, ज्ञानेन्द्र खड्का, नकूल अर्याललगायतले अनलाइनसम्बन्धी धारणा व्यक्त गर्नु भएको थियो।

## मस्यौदाबारे अन्तर्क्रिया



**नेपाल** पत्रकार महासंघले पुस २० गते सञ्चारसम्बन्धी बन्दै गरेका नयाँ कानूनका बारेमा अन्तर्क्रिया गऱ्यो।

कार्यक्रममा आमसञ्चार नीति कार्यान्वयन उच्चस्तरीय समितिका सदस्य टिकाराम राईले सञ्चारसम्बन्धी सबै कानूनको मस्यौदा आमसञ्चार नीतिलाई आधार मानेर निर्माण हुनुपर्ने धारणा राख्नु भयो।

उच्चस्तरीय समितिका अर्का सदस्य बबिता बस्नेतले कानूनका मस्यौदाबारे व्यापक रूपमा छलफल चलाउन महासंघलाई सुझाव दिनुभयो।

महासंघका अध्यक्ष गोविन्द आचार्यले सञ्चारसम्बन्धी सबै कानूनका मस्यौदाहरूमा महासंघले छलफल चलाई साझा धारणा बनाएर सरकारलाई सुझाव दिने जानकारी गराउनुभयो।

कार्यक्रममा मिडियासँग सम्बन्धित विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता थियो।

# पत्रकार महासंघका प्रेस विज्ञप्ति

मिति : २०७४/८/३

**प्रेस विज्ञप्ति**

पछिल्ला केही दिनयता प्रहरीले पत्रकार महासंघका सदस्यहरूलाई गिरफ्तार गरेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। प्रहरीले जलजला मासिकका सम्पादक खेम थपलिया, निहिगु ज्वज्वलोप्पा मासिकका प्रधानसम्पादक जितेन्द्र महर्जनलाई काठमाडौंबाट, जायश्वर आचार्य र प्यूठान मिसन मासिकका कार्यकारी सम्पादक पदमप्रसाद पोखेललाई प्यूठानबाट र जनप्रभात साप्ताहिकका प्रधानसम्पादक कालिबहादुर महतारालाई कालिकोटबाट पक्राउ गरिएको छ।

पक्राउ परेकामध्ये केहीलाई पत्रकारिताकै सिलसिलामा र केहीलाई निजी कामको सिलसिलामा रहेका बेला पक्राउ गरी हिरासतमा राखिएको छ। महासंघ यस्तो गिरफ्तारीको भर्त्सना गर्दछ। साथै, गिरफ्तारीमा परेका सबै पत्रकारहरूको अविलम्ब रिहाईको माग गर्दछ।

..................

रमेश विष्ट
महासचिव

मिति : २०७४/८/४

**प्रेस विज्ञप्ति**

सरकारद्वारा साता दिनदेखि देशका विभिन्न स्थानमा पत्रकारमाथि भएको प्रहरी हस्तक्षेप, धरपकड तथा पक्राउका घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

मध्यान्ह राष्ट्रिय दैनिकका वरिष्ठ संवाददाता दिपेश शाहीलाई मंसरि ३ गते बिहान प्रहरीले पक्राउ गरेको जानकारी महासंघलाई प्राप्त भएको छ। पूर्व प्रधानमन्त्री प्रचण्ड पुत्र प्रकाश दाहालको निधनको समाचार संकलनका क्रममा नर्भिक अस्पताल परिसरबाट प्रहरीले पक्राउ गरेको हो।

समाचार संकलनका क्रममा प्रहरीबाट भएको यस्तो कार्यको महासंघ निन्दा गर्दछ। साथै, पत्रकारमाथि हुने यस किसिमका घटना बन्द गर्न एवं पक्राउ गरिएका पत्रकार शाहीलाई तत्काल बिना शर्त रिहा गर्न महासंघ जोडदार माग गर्दछ।

..................

रमेश विष्ट
महासचिव

मिति : २०७४/८/१०

**प्रेस विज्ञप्ति**

नेपाल पत्रकार महासंघले प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको सन्दर्भमा सात वटै प्रदेशमा प्रेस स्वतन्त्रताको अवस्था बुझ्न टोली पठाउने भएको छ। महासंघका अध्यक्ष गोविन्द आचार्यको नेतृत्वमा प्रदेश ५ र ६ मा टोली जाने भएको छ भने उपाध्यक्ष विपुल पोखेलको नेतृत्वमा प्रदेश ७ र उपाध्यक्ष दिलिप थापामगरको नेतृत्वमा प्रदेश नम्बर १ र २ मा टोली जाने छ। त्यस्तै महासंघका महासचिव रमेश विष्टको नेतृत्वको टोली प्रदेश नम्बर ३ र ४ जाने छ भने उपत्यकामा सचिव रेम विश्वकर्माको नेतृत्वको टोली परिचालित हुने छ।

टोलीले निर्वाचनको बेला प्रेस स्वतन्त्रताको अवस्था बुझ्नुका साथै मतदान केन्द्र र मतगणना स्थलसम्म पत्रकारलाई सहज ढंगबाट समाचार संकलन तथा सम्प्रेषण गर्ने वातावरण निर्माण गर्ने छ। टोलीले निर्वाचन सम्बन्धमा सरोकारवाला पक्षसँग अन्तरक्रियासमेत गर्ने छ। सो, क्रममा कुनै समस्या आए स्थानीय पत्रकार र सरोकारवालाहरूसँग छलफल गरी पत्रकारहरूलाई सहज ढंगबाट समाचार संकलन तथा सम्प्रेषणका लागि समाधानको पहल गर्ने छ।

..................

रमेश विष्ट
महासचिव

मिति : २०७४/८/११

**प्रेस विज्ञप्ति**

प्रतिनिधिसभा र प्रदेशसभाको चुनावी विषयलाई लिएर नेपाल पत्रकार महासंघ सिन्धुपाल्चोक शाखा सचिव तथा अनलाइनखबरका स्थानीय संवाददाता दिनेश थापामाथि भएको आक्रमणको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

पत्रकार थापाका अनुसार मंसीर १० गते सुनकोशी गाँउपालिका वडा. नं ६ स्थित आफ्नै घरमा बसिरहेको अवस्थामा साँझ ६: ३० बजेतिर तरुण दलका कार्यकर्ता प्रमोद तामाङ्गको नेतृत्वमा आएको समुहले आक्रमण गर्दा पत्रकार थापाको छाती तथा ढाडमा चोट लागेको छ।

पत्रकारमाथि हुने यस्ताखाले घटनाले प्रेस स्वतन्त्रतमाथि आक्रमण भएको महासंघको ठहर छ। महासंघ घटनाको निन्दा गर्दै घटनाको सत्यतथ्य छानविन गरी दोषीमाथि कारबाहीको माग गर्दै पत्रकारलाई स्वतन्त्र र भयरहित पत्रकारिता गर्ने वातावरण निर्माण गर्न सम्बन्धित सबै पक्षसंग माग गर्दछ।

.............................

रेमबहादुर विश्वकर्मा
सचिव

मिति : २०७४/८/१३

## प्रेस विज्ञप्ति

नेपाल पत्रकार महासंघ उदयपुर शाखाका सदस्य एवं युके एफएममा आवद्ध पत्रकार नवराज पौडेल उदयपुरमा भएको बम विष्फोटनमा परी घाइते भएको घटनाले महासंघ दुःख व्यक्त गर्दछ। उदयपुर क्षेत्र नम्बर २ का नेपाली काँगेसका उम्मेदवार नारायण कार्कीको चुनावी प्रचार-प्रसारको समाचार संकलनका क्रममा उदयपुरगढी नगरपालिका-६ मा भएको बम विष्फोटनबाट पत्रकार पौडेल घाइते हुनुभएको हो।

पछिल्लो समय निर्वाचनका क्रममा मुलुकका विभिन्न स्थानमा उम्मेदवारलक्षित आक्रमणको घटनाले नागरिकलाई त्रसित र आतंकित बनाएको छ। यस किसिमका घटनाको महासंघ भर्त्सना गर्दछ। यस्ता आतंकपूर्ण घटना नदोहोरिनेतर्फ आवश्यक कदम चाल्न र सुरक्षाको वातावरण निर्माण गर्न महासंघ सम्बन्धित निकायसँग माग गर्दछ। महासंघ घाइते पत्रकार पौडेलसहित आक्रमणमा घाइते भएको अन्य व्यक्तिको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै घाइते सबैको उपचारको व्यवस्था गर्न सरकारसँग माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/८/१५

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघका सचिव रामप्रसाद दाहाललाई मातृशोक परेको छ। उहाँकी ममतामयी माता भगवती दाहालको ७० वर्षको उमेरमा आज काठमाडौंमा निधन भएको हो। स्वर्गीय दाहालका एक छोरा सचिव रामप्रसाद दाहाल र पाँच छोरी छन्।

स्वर्गीय माताको आजै पशुपति आर्यघाटमा दाहसंस्कार गरिएको छ। दाहसंस्कारमा महासंघ केन्द्रीय समितिका पदाधिकारी, सदस्यलयागत सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो।

नेपाल पत्रकार महासंघ स्वर्गीय दाहालप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै उहाँको आत्माको चिरशान्तिको कामना गर्दछ। साथै, शोकको यस घडीमा सचिव रामप्रसाद दाहालसहित शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/८/१९

## प्रेस विज्ञप्ति

मंसीर २१ गते मुलुकमा ऐतिहासिकरूपमा प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सम्पन्न हुँदै छ। यो निर्वाचनले संक्रमणकालको विधिवत अन्त्य भई संविधानसभाबाट जारी भएको संविधान पूर्ण कार्यान्वयनको बाटो खुल्ने विश्वास महासंघले लिएको छ। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता, लोकतान्त्रिक शासन व्यवस्था र विधिको शासनका पक्षधर आमनेपाली सञ्चारकर्मीहरूको तर्फबाट महासंघ निर्वाचन निष्पक्ष, स्वतन्त्र र भयरहितढंगबाट सम्पन्न होस भन्ने शुभकामना व्यक्त गर्दछ।

निर्वाचनको बेला मुलुकमा प्रेस स्वतन्त्रताको अवस्था बुझ्न सातवटै प्रदेशमा महासंघले अनुगमन टोली पठाई अध्ययन सम्पन्न गरेको छ। निर्वाचनको समयमा आमसञ्चारकर्मीहरूलाई निर्वाधढंगबाट समाचार संकलन र संप्रेषण गर्ने वातावरण तयार गर्न महासंघ सम्बन्धित पक्षसँग आग्रह गर्दछ। मतदान र मतगणनाको समयमा समाचार संकलन र छायाङ्कन व्यवस्था गर्नसमेत महासंघ सम्बन्धित पक्षको ध्यानाकर्षण गराउँदछ। निर्वाचन प्रयोजनका लागि पत्रकारले प्रयोग गर्ने सवारी साधनलाई आवश्यक पास सहजढंगबाट उपलब्ध गराउन सम्बन्धित पक्षसँग महासंघ आग्रह गर्दछ। निर्वाचनको क्रममा केही हिंसात्मक घटनाहरू घटेकाले पत्रकारको सुरक्षामा विशेष ध्यान दिन महासंघ सरकारसँग आग्रह गर्दछ।

साथै, निर्वाचनका बेला सञ्चारकर्मीहरूलाई निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिता पालना गर्दै ऐतिहासिक निर्वाचनको समाचार संकलन र संप्रेषण गर्न महासंघ आह्वान गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/८/२८

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ रुपन्देही शाखा कार्यसमिति सदस्य प्रकाश डुम्रेलाई बिनाशर्त रिहा गर्न महासंघले गरेको आग्रहलाई सरकारले बेवास्ता गर्दै पुनः अर्को झुट्टा मुद्दा लगाएर हिरासतमै राखेकोमा नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

२०७४ मंसीर ५ गते रुपन्देहीस्थित गर्जनपोष्ट साप्ताहिकको कार्यालयबाट पक्राउ परेका पत्रकार डुम्रेलाई बिनाशर्त रिहा गर्न महासंघले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गरेको थियो। प्रधान न्यायाधीशको एकल इजलासले तीन दिनभित्र लिखित जवाफ पेश गर्न आदेश गरे पनि सरकारले अदालतको अवहेलना गर्दै पत्रकार डुम्रेलाई थप झुट्टा मुद्दा लगाउनुले प्रेस स्तन्त्रताको गम्भीर उल्लंघन भएको महासंघको ठहर छ। महासंघ पत्रकार डुम्रेमाथि लगाइएका झुट्टा मुद्दा खारेज गरी अविलम्ब रिहा गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न सरकारसँग जोडदार माग गर्दछ।

..................
रमेश विष्ट
महासचिव

मिति : २०७४/९/८

## शोक विज्ञप्ति

वरिष्ठ पत्रकार एवं प्रेस स्वतन्त्रता सेनानी रामगोपाल बैष्यको प्रोस्टेट क्यान्सरबाट ७४ वर्षको उमेरमा निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ। विगत डेढ वर्षदेखि उक्त रोगबाट पीडित बैष्यको पुस ७ गते राति ११ बजे निधन भएको हो। स्वर्गीय पत्रकार बैष्यका श्रीमती, ६ छोरा र १ छोरी हुनुहुन्छ।

२०२६ सालदेखि बर्दियाबाट पत्रकारिता सुरु गर्नु भएका बैष्यले काठमाडौंबाट प्रकाशित हुने चेतना, राष्ट्रध्वनी र राष्ट्रपुकार साप्ताहिकमा काम गर्नु भएको थियो। पछिल्लो समय २५ वर्षदेखि बाँकेबाट प्रकाशित शंखनाथ साप्ताहिकका सम्पादक/प्रकाशक रहनु भएका बैष्यले पञ्चायतकालमा ५ वर्ष वीवीसी नेपाली सेवामा पनि काम गर्नुभएको थियो। बैष्यको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक अनुभवी र निर्भीक पत्रकार गुमाएको छ।

नेपाल पत्रकार महासंघ स्वर्गीय बैष्यप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै मृतआत्माको चिरशान्तिको कामना गर्दछ। र, शोकको यस घडीमा शोकाकुल परिवाजनमा गहिरो समवेदना व्यक्त गर्दछ।

..................

रमेश विष्ट

महासचिव

मिति : २०७४/९/१६

## शोक विज्ञप्ति

काठमाडौंबाट सञ्चालित तीव्रखवर डटकम अनलाइनमा चौधरी ग्रुपको विषयमा प्रकाशित समाचारलाई लिएर विभिन्न टेलिफोन नम्बरबाट समाचार नलेख्न धम्क्याएको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

सो अनलाइनका कार्यकारी सम्पादक रोशन कार्कीका अनुसार चौधरी ग्रुपले नेपाल सरकारलाई बुझाउनु पर्ने कर, नक्कली भ्याट विलका सम्बन्धमा समाचार प्रकाशित भएपछि टेलिफोनबाट 'चौधरी ग्रुपले कर नतिर्दा तेरो के जान्छ, तुरुन्त चौधरी ग्रुपको विरुद्ध समाचार लेख्न बन्द गर नत्र भौतिक कारबाही गर्न पछि नपर्ने' भनी धम्की आएको थियो।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई सम्मान गर्न र घटनाको छानबिन गरी दोषीलाई कारबाही गर्न महासंघ सम्बन्धित निकायसँग माग गर्दछ।

..................

रमेश विष्ट

महासचिव

मिति : २०७४/९/९

## प्रेस विज्ञप्ति

प्रहरीले केही अनलाइन मिडियालाई समाचारको स्रोत खुलाउन पत्र काटेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ। प्रकाशित/प्रसारित समाचारको स्रोत खोज्ने अधिकार प्रहरीलाई नभएको महासंघ स्पष्ट गर्न चाहन्छ।

यस किसिमका घटनाले सञ्चारमाध्यमलाई निर्वाधरूपमा प्रेस स्वतन्त्रताको उपभोग गर्ने काममा बाधा पुऱ्याउने महासंघको ठहर छ। महासंघ यस किसिमका घटना नदोहोऱ्याउन र पत्रकारलाई निर्वाधढंगबाट काम गर्ने वातावरण सिर्जना गर्न सम्बन्धित पक्षसँग माग गर्दछ।

..................

रमेश विष्ट

महासचिव

मिति : २०७४/९/२४

## प्रेस विज्ञप्ति

प्रहरीले केही अनलाइन सञ्चारमाध्यमलाई समाचारको स्रोत खुलाउन र सम्पादकलाई उपस्थित हुन पत्र काटेको घटनाप्रति नेपाल पत्रकार महासंघको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रकाशित/प्रसारित समाचारको स्रोत खोज्ने र समाचारकै विषयलाई लिएर सम्पादकलाई उपस्थित हुन पत्र काट्ने अधिकार प्रहरीलाई नभएको महासंघ स्पष्ट गर्न चाहन्छ। आमसञ्चारमाध्यममा प्रकाशित/प्रसारित सामग्रीका सम्बन्धमा कुनै गुनासो वा उजुरी भएमा प्रेस काउन्सिलमार्फत समाधान खोज्न महासंघ आग्रह गर्दछ।

यस किसिमका घटनाले सञ्चारमाध्यमलाई निर्वाधरूपमा प्रेस स्वतन्त्रताको उपभोग गर्ने काममा बाधा पुऱ्याउने महासंघको ठहर छ। महासंघ यस किसिमका घटना तत्काल रोक्न र यस्ता घटना पुन: नदोहोऱ्याउन सम्बन्धित पक्षलाई आग्रह गर्दछ। र, प्रेस स्वतन्त्रताविरोधी यस किसिमका घटना नरोकिएमा महासंघ कठोर संघर्षका कदम चाल्न बाध्य हुने पनि स्पष्ट गर्न चाहन्छ।

यस घटनाका बारेमा महासंघले गम्भीर चासो र चिन्ता व्यक्त गर्दै प्रेस काउन्सिल नेपाल, सूचना विभाग, नेपाल बार एसोसिएसन, नेपाल प्रहरीका अधिकारीसँग छलफल गरेको छ। यसैबीच महासंघले सञ्चार सम्वद्ध विभिन्न संस्थाहरू नेपाल प्रेस युनियन, प्रेस चौतारी नेपाल, प्रेस सेन्टर नेपाल, क्रान्तिकारी पत्रकार संगठन, नेपाल, अनलाइन पत्रकार संघसहितका प्रतिनिधिहरूसँग छलफल गरी यस सन्दर्भमा नेपाल सरकार, सुरक्षा निकायको गम्भीर ध्यानाकर्षण गराउने र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा, मिडियाको स्रोतको गोपनियताको रक्षाका लागि संयुक्तरूपमा प्रतिवाद गर्ने निष्कर्ष निकालेको छ।

..................

रमेश विष्ट

महासचिव

**प्रकाशक** : युरोपियन युनियन र इन्टरनेशनल अलर्टको सहयोगमा नेपाल पत्रकार महासंघ, सञ्चारग्राम, तिलगंगा, काठमाडौं।
फोन : ४११२७६३, ४११२६७३, Email : fnjnepal@mail.com.np, Web: fnjnepal.org